# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल मंसिर महिना १२ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय कावासोतीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| **ऋणीको विवरण** |
|---|
| नारायणदत्त पोखेलको नाति भिमलाल पोखेलको छोरा नवलपरासी जिल्ला अमरापुरी वडा नं. ६ हाल, नवलपरासी (ब.सु.पू) जिल्ला कावासोती न.पा. वडा नं. ९ बस्ने **गोविन्द राज पोखेल** (ना.प्र.नं. : ८६६४५ जारी मिति र जिल्ला : २०४६/०१/३०, नवलपरासी) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) शिवलाल उपाध्याय फुलेलको छोरी भिमलाल पोखेलको बुहारी गोविन्द राज पोखेलको पत्नी नवलपरासी जिल्ला गैडाकोट वडा नं. १६ हाल, नवलपरासी (ब.सु.पू) जिल्ला कावासोती न.पा. वडा नं. ९ बस्ने **मिना पोखेल** (ना.प्र.नं. : ३७१०५३/४/२४५५८ जारी मिति र जिल्ला : २०६५/०७/२४, रुपन्देही प्रतिलिपि जारी मिति र जिल्ला :, २०७३/१०/०७, नवलपरासी) |
| २) नैन सिं क्षेत्रीको नाति भिम ब.क्षेत्रीको छोरा कञ्चनपुर जिल्ला वाइसी विचवा वडा नं. ९ हाल, नवलपरासी (ब.सु.पू) जिल्ला कावासोती न.पा. वडा नं. ९ बस्ने **जीवन क्षेत्री** (ना.प्र.नं. : ७५२०११/९५४ जारी मिति र जिल्ला : २०६८/१०/०९, कञ्चनपुर) |

**"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"**


**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np


**जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ**